NABIL BANK®

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

प.सं.: 83/CS/2083/84

मितिः २०८३/०७/१६

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेञ्ज लि.
युएनआई शान्तिमार्ग,
भद्रकाली, काठमाडौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.
पुतलीसडक, काठमाडौं ।

विषय : साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माइन्यूट) सम्बन्धमा ।

महोदय,

यस नबिल बैंक लिमिटेडको मिति २०८३/०६/२२ गते, बिहिवार त्रिभुवन आर्मी अफिर्सस क्लव, भद्रकाली, काठमाडौंमा सम्पन्न ४२औं वार्षिक साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माइन्यूट) यसै पत्रसाथ संलग्न गरी पेश गरिएको बेहोरा जानकारीका लागि अनुरोध छ ।

भवदीय,

NABIL BANK HEAD OFFICE Teendhara, Kathmandu

भिष्म नेउपाने
कम्पनी सचिव

संलग्नः

१. साधारणसभाको काम कारवाहीको/निर्णय विवरण (माइन्यूट) ।

बोधार्थः

१. नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं ।

नबिल बैंक लिमिटेडको
४२औँ (बयालीसौँ) वार्षिक साधारण सभाको
काम-कारबाहीको विवरण (माइन्यूट)

१. **वैधानिक सभा :**
कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको ४२औँ वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री निवाण कुमार चौधरीज्यूको अध्यक्षतामा निम्न उल्लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिम गर्ने निर्णय भयो ।

२. **सभाको मिति, स्थान र समय :**
मिति : २०८३ साल आश्विन २२ गते, बिहिवार (तदनुसार ८ अक्टोबर, २०२६) ।
स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।
समय : बिहान ९:३० बजे प्रारम्भ भई दिउँसो १:३० बजे सम्पन्न भएको ।

३. **सभाको सूचना :**
कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम बैंकको ४२औँ वार्षिक साधारण सभाको सूचना तथा बैंकको आ.व. २०८२/८३ को संक्षिप्त वित्तीय विवरण मिति २०८३ साल भाद्र ३१ गतेको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा र साधारण सभाको दोश्रो सूचना मिति २०८३ साल आश्विन ६ गतेको "सौर्य" राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । सभा सम्बन्धी सूचना मिति २०८३ आश्विन ८ गते रेडियो थाहा सञ्चार ९९.४ मेघाहर्ज मार्फत् समेत शेयरधनीलाई जानकारी गराईएको थियो । त्यसैगरी उल्लिखित साधारणसभाको सूचनामा प्रकाशित QR Code लाई स्क्यान गरेर बैंकको वार्षिक प्रतिवेदन सजिलै डाउनलोड गर्न सकिने व्यवस्था समेत मिलाईएको थियो । साथै, आवश्यकता अनुसार उक्त सूचना सहितको बैंकको वार्षिक आर्थिक विवरण तथा सभामा छलफल गरिने विषयहरू शेयरधनी महानुभावहरूको यस बैंक समक्ष उपलब्ध गराइएको ठेगानामा समेत पठाइएको थियो ।

४. **छलफलको विषय :**

(क) **सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको प्रतिवेदन २०८२/८३ पारित गर्ने,

२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०८३ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व.२०८२/८३ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु स्वीकृत गर्ने,

३. यस बैंकका सहायक कम्पनीहरु नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड र नबिल स्टक डिलर लिमिटेड को आ.व. २०८२/८३ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने,

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम नबिल ८ प्रतिशत अग्राधिकार शेयरधनीहरुलाई चुक्ता पूँजीको ८ प्रतिशतले हुने रकम रू.२३,३४,२४,२५७/५३ (अक्षरेपी तेईस करोड चौतीस लाख चौबीस हजार छ सय सत्ताउन्न रुपैयाँ त्रिपन्न पैसा मात्र) नगद लाभांश (नगद लाभांशमा लाग्ने कर सहित) (बाँडफाँड भएको मितिको आधारमा समानुपातिक रुपमा २१३ दिनको) वितरण गर्ने स्वीकृत गर्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम साधारण शेयरधनीहरुलाई चुक्ता पूँजीको १०.८० प्रतिशत नगद लाभांश (नगद लाभांश तथा बोनस शेयरमा लाग्ने कर समेत) ले हुने रकम रू.२,९२,२१,५५,६४६/७६ (अक्षरेपी दुई अर्ब बयानब्बे करोड एक्काईस लाख पचपन्न हजार छ सय छयालीस रुपैयाँ छयहत्तर पैसा मात्र) वितरण गर्ने स्वीकृत गर्ने ।

६. आ.व. २०८३/८४ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

७. संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद तीन (३) को निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्ताव:

१. बैंकको अधिकृत पूँजी वृद्धि गरी रू.३४ अर्ब रुपैयाँ पुऱ्याउने ।

२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम साधारण शेयरधनीहरुलाई चुक्ता पूँजीको ५ प्रतिशतका दरले रू.१,३५,२८,४९,८३६/४६ (अक्षरेपी एक अर्ब पैंतिस करोड अठ्ठाईस लाख उनन्चास हजार आठ सय छत्तीस रुपैयाँ छयालीस पैसा मात्र) बराबर बोनस शेयर वितरण गर्ने ।

३. विशेष प्रस्ताव नं. १ र २ बमोजिम बैंकको अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजीमा परिवर्तन गर्नुपर्ने भएका कारण प्रबन्धपत्रको दफा ५(१), ५(२) र ५(३) मा रहेको विद्यमान व्यवस्थामा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने तथा संशोधनमा नियमनकारी निकायबाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक परिमार्जन, संशोधन तथा समायोजन गर्न सञ्चालक समिति (वा समितिले तोकेको व्यक्ति) लाई अख्तियारी दिने ।

४. आ.व. २०८२/८३ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।

५. नबिल बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्ने/गाभिने (मर्जर गर्ने वा प्राप्ति (एक्विजिसन) गर्ने) तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्त गर्ने, गाभ्ने र गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्ने, वैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्ने तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध (अध्यक्षज्यूको अनुमतिमा) :

५. उपस्थिति :

५.१ सञ्चालकहरु :

१.	श्री निर्वाण कुमार चौधरी	: अध्यक्ष
२.	श्री मलय मुखर्जी	सञ्चालक
३.	श्री अनन्त पौड्याल	: सञ्चालक
४.	श्री प्रविन टिवडेवाला	: सञ्चालक (अनलाईन मार्फत)
५.	श्री सईद गन्सुर मुस्तफा	: सञ्चालक
६.	श्री सरिता भट्ट अधिकारी	: स्वतन्त्र सञ्चालक
७.	श्री अनिल केशरी शाह	सञ्चालक

५.२ व्यवस्थापन पदाधिकारी :

१.	श्री मनोज कुमार ज्ञवाली	: प्रमुख कार्यकारी अधिकृत
२.	श्री भुपेन्द्र पाण्डे	: वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत
३.	श्री आदर्श बजगाई	: नायब प्रमुख कार्यकारी अधिकृत
४.	श्री गणेश प्रसाद अवस्थी	: नायब प्रमुख कार्यकारी अधिकृत
५.	श्री ज्ञानेन्द्र प्रताप शाह	: नायब महाप्रबन्धक
६.	श्री परमेश्वर श्रेष्ठ	: सहायक महाप्रवन्धक
७.	श्री राजेन्द्र प्रसाद अधिकारी	: सहायक महाप्रवन्धक
८.	श्री कृष्ण प्रसाद सुवेदी	: प्रमुख बजार अधिकृत
९.	श्री सुबोध लोहनी	: प्रमुख– आन्तरिक लेखापरीक्षण विभाग
१०.	श्री सन्दिप बाबु पौडेल	: प्रमुख– वित्त तथा रणनीति विभाग
११.	श्री भिष्म नेउपाने	: कम्पनी सचिव तथा प्रमुख कानून विभाग

५.३ अन्य :

१.	श्री गायत्र श्रेष्ठ (सहायक रजिष्ट्रार)	: पर्यवेक्षक– कम्पनी रजिष्ट्रारको कार्यालय
२.	श्री ज्ञानेन्द्र बहादुर भारी	: वाह्य लेखापरीक्षक– साझेदार, BRS Neupane & Co., Chartered Accountants
३.	श्री मनमोहन राज कार्की	आन्तरिक लेखापरीक्षक Executive Partner, Joshi & Bhandary Chartered Accountants
४	अधिवक्ता वासुदेव रिजाल	: निर्वाचन अधिकृत

५.४ शेयरधनीहरुको उपस्थिति :

उपस्थितिको विवरण	जम्मा उपस्थिति	शेयरको प्रतिनिधित्व
व्यक्तिगत रुपमा उपस्थित	२,३२३	५९,१५,१३३
प्रतिनिधि मार्फत्	१४	१४,९७,२७,०५०
जम्मा	२,३३७	१५,५६,४२,१८३

६. गणपूरक संख्या :

जम्मा शेयर संख्या	स्वयम् उपस्थित भै प्रतिनिधित्व भएको शेयर (क)	प्रतिनिधिपत्र मार्फत् प्रतिनिधित्व भएको शेयर (ख)	जम्मा उपस्थित (क)+(ख)	जम्मा शेयरको प्रतिनिधित्व प्रतिशत
२७,०५,६९,९६७.२९	५९,१५,१३३	१४,९७,२७,०५०	१५,५६,४२,१८३	५७.५२

७. सभाको वैधानिकता र सभाको अध्यक्षता :

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको साधारण शेयरको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको ४२औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको कुल सहभागी संख्या २,३३७ रहेको र कुल शेयरको ५७.५२ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिव मिष्म नेउपानेले साधारण सभाको गणपूरक संख्या पुगेको घोषणा गरी प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको सभालाई जानकारी गराउनुभयो ।

७.२ कम्पनी सचिवले शेयरधनी महानुभावहरु सबैलाई स्वागत अभिवादन गर्दै आसन ग्रहणका लागि अनुरोध गर्नुभयो । सभाको प्रारम्भमा शेयरधनीहरुको स्वागतका लागि धिमे नृत्य प्रस्तुत गरिएको थियो । तत्पश्चात् कम्पनी सचिवले उपस्थित सञ्चालकहरु तथा प्रमुख कार्यकारी अधिकृतको परिचय गराउँदै आसन ग्रहण गर्न उहाँहरुलाई अनुरोध गरी सभाको कार्य अगाडि बढाउनुभयो ।

७.३ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षले गर्ने व्यहोरा जानकारी गराउँदै बैंकको ४२औं वार्षिक साधारण सभालाई औपचारिक

रूपमा सुरु गर्नका लागी सचिवले सभाध्यक्षलाई अनुरोध गर्नुभयो र सभाध्यक्ष श्री निर्वाण कुमार चौधरीज्यूले सञ्चालकमा अगाडि रहेको पालनामा बत्ती बालेर सभाको शुभारम्भ गर्नुभयो ।

८. ४२औं वार्षिक प्रतिवेदनको प्रस्तुति :

८.१ सभाका अध्यक्षले औपचारिक रुपमा साधारण सभा शुरु भएको घोषणा गर्दै सर्वप्रथम शेयरधनी लगायत सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई स्वागत गर्नुभयो । पूर्वनिर्धारित छलफलको विषयसूची अनुसार आ.व.२०८२/८३ को सञ्चालक समितिको प्रतिवेदन साधारणसभा समक्ष पेश गर्नुभयो । सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख विभिन्न विषयवस्तुवारे जानकारी गराउने क्रममा गत आर्थिक वर्ष २०८२/८३ नविल बैंक लिमिटेडका लागि धैर्यता, अनुशासन, रूपान्तरण र सफलताको वर्ष रहेको जानकारी गराउँदै चुनौतीपूर्ण आर्थिक परिवेशका बीच पनि बैंकले आफ्नो इतिहासकै उत्कृष्ट कार्यसम्पादनमध्ये एक हासिल गर्न सफल भएको जानकारी गराउनुभयो । समिक्षा वर्षमा निक्षेप १३.०६ प्रतिशतले वृद्धि भई रु.६ खर्ब २ अर्ब ९३ करोड, कर्जा तथा सापटी १२.१५ प्रतिशतले वृद्धि भई रु. ४ खर्ब ७६ अर्ब ८७ करोड पुगेको सभासमक्ष जानकारी गराउनुभयो । खुद मुनाफा ३३.४९ प्रतिशतले वृद्धि भई रु.७ अर्ब ९१ करोड पुगेको तथा बैंकको कुल सम्पत्ति रु. ७ खर्ब ३४ अर्ब ७३ करोड पुगेको सभासमक्ष जानकारी गराउनुभयो । १२.३७ प्रतिशतको पूँजी पर्याप्तता अनुपातले बैंकको वित्तीय सुदृढता र भविष्यको वृद्धिप्रतिको तयारीलाई स्पष्ट रूपमा प्रतिबिम्बित गरेको जानकारी गराउँदै यस उपलब्धिको सम्मानस्वरूप तथा शेयरधनीहरूले प्रदान गर्नुभएको विश्वासप्रति कृतज्ञता व्यक्त गर्दै सञ्चालक समितिले साधारण शेयरधनीहरूका लागि चुक्ता पूँजीको १०.८० प्रतिशत नगद लाभांश र चुक्ता पूँजीको ५ प्रतिशत बोनस शेयर तथा अग्राधिकार शेयर (Perpetual Non-Cumulative Preference Shares) का शेयरधनीहरूका लागि ८ प्रतिशत नगद लाभांश प्रस्ताव गरेको समेत सभालाई जानकारी गराउनुभयो ।

समिक्षा अवधिमा बैंकको लगानी २०.५१ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ७२ अर्ब ८७ करोड पुगेको जानकारी गराउनुभयो । पूँजी बजारमा देखिएको उतारचढावका बावजुद बैंकको प्रति शेयर मूल्य आषाढ मसान्त २०८२ मा रु. ५४१.३७ बाट आषाढ मसान्त २०८३ मा रु. ५३४.९० पुगेकाले बजार पूँजीकरण सामान्य रूपले घटेको जानकारी गराउँदै समग्रमा आ.व. २०८२/८३ मा सामलातको आकार १५.३८ प्रतिशतले वृद्धि भई रु. ७ खर्ब ३४ अर्ब ७३ करोड पुगेको सभासमक्ष जानकारी गराउनुभयो । बैंकको विगतका वर्षहरूमा बोडफोड गरेको नगद लाभांशका साथै बजार पूँजीकरण तथा जेथामा भएको अभिवृद्धि समेतलाई दृष्टिगत गर्दा शेयरधनीहरूले बैंकमा लगानी गर्नुभएको स्थापना कालको चुक्ता पूँजी हालसम्म आउँदा ९६० गुणाले वृद्धि गर्न बैंक सफल भएको सभाध्यक्षले सभासमक्ष जानकारी गराउनुभयो ।

बैंकले Environmental, Social and Governance (ESG) सिद्धान्तलाई व्यवसायको केन्द्रमा राखेको जानकारी गराउँदै समिक्षा वर्षमा जलविद्युत तथा नवीकरणीय ऊर्जामा रु. ५४.६४ अर्ब, पर्यटनमा रु. ११.४ अर्ब, कृषि क्षेत्रमा रु. ५६.४२ अर्ब, SME क्षेत्रमा रु. ८५.९४ अर्ब प्रवाह गरेको जानकारी गराउनुभयो ।

नबिलका लागि सफलता केवल वित्तीय उपलब्धिले मात्र होइन, समाजमा सिर्जना गरिएको सकारात्मक प्रभावले पनि मापन हुने जानकारी गराउँदै दिगो बैंकिङ, ESG पहल, सामाजिक उद्यमशीलता, वित्तीय साक्षरता, शिक्षा, स्वास्थ्य, महिला सशक्तीकरण तथा वातावरण संरक्षणसम्बन्धी कार्यक्रममार्फत बैंक नेपालको समग्र विकासमा योगदान पुऱ्याउन निरन्तर प्रतिबद्ध रहेको समेत सभालाई जानकारी गराउनुभयो । यही प्रतिबद्धताका कारण नबिलले Euromoney Awards 2026 – Nepal's Best Bank, Nepal's Best ESG Bank, Nepal's Best SMEs Bank, ICAN Best Presented Annual Report Award, Visa Excellence Awards, Infosys Finacle Innovation Award (Gold Winner), Corporate Bank of the Year 2026 प्राप्त गरेको र यी उपलब्धिलाई अन्तिम गन्तव्यका रूपमा नभई, अझ उच्च स्तरको जिम्मेवारी निर्वाह गर्ने प्रेरणाका रूपमा लिएको एंव विश्वसनीय वित्तीय संस्थाका रूपमा उद्देश्य, जवाफदेहिता र जिम्मेवारी प्रतिको प्रतिबद्धतासहित ग्राहक, शेयरधनी, नियामक निकाय तथा समग्र राष्ट्रका अपेक्षाहरू पूरा गर्न समर्पित रहेको सभासमक्ष जानकारी गराउनुभयो । नबिल बैंकले डिजिटल रुपान्तरणलाई ध्यान केन्द्रित गरेको जानकारी गराउँदै बैंकले Video KYC र Online KYC Update सेवा, Nabina AI च्याटबोट सञ्चालन, nBank एपमार्फत डिजिटल बैंकिङ विस्तार, BNPL (Buy Now Pay Later) सेवा, सहायक कम्पनीसँगको सहकार्यमा SIP, Demat, Mero Share, TMS लगायत लगानी सेवाको एकीकरण, नेपाल भारत प्रत्यक्ष P2P रेमिट्यान्स सेवा सञ्चालन, Virtual Banking तथा Self-Service Banking को विस्तार लगायतका डिजिटल सेवा प्रदान गर्दै आइरहेको सभासमक्ष जानकारी गराउनुभयो ।

बैंकले संस्थागत सामाजिक उत्तरदायित्वलाई व्यवसायिक दर्शनको अभिन्न अंगका रुपमा आत्मसाथ गर्दै शिक्षा, स्वास्थ्य, वित्तीय साक्षरता, उद्यमशीलता, सामाजिक सशक्तिकरण तथा दिगो विकासका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको सभासमक्ष जानकारी गराउँदै आर्थिक वर्ष २०८२/८३ मा बैंकले देशभर १६ वटा वित्तीय साक्षरता तथा उद्यमशीलता कार्यक्रम सञ्चालन गरी हजारौं विद्यार्थी, महिला, युवा, किसान तथा उद्यमीलाई वित्तीय ज्ञान, डिजिटल बैंकिङ, उद्यम विकास तथा आर्थिक व्यवस्थापन सम्बन्धी प्रशिक्षण प्रदान गरेको समेत जानकारी गराउनुभयो । शिक्षा क्षेत्र अन्तर्गत बैंकले विभिन्न विद्यालयहरूमा छात्रवृत्ति, स्मार्ट कक्षा, कम्प्युटर तथा शैक्षिक सामग्री उपलब्ध गराएको छ । साथै, Nabil Securing Health & Empowerment (SHE) Project मार्फत करिब १ लाख ७० हजार छात्राहरू लाभान्वित हुने अपेक्षा गरिएको छ भने १८५ विद्यालयहरूमा स्वच्छ खानेपानीको पहुंच विस्तार गर्ने कार्यक्रम सञ्चालन गरिएको छ । यसका अतिरिक्त विद्यालय पूर्वाधार विकास, शौचालय निर्माण तथा सूचना प्रविधिमा पहुंच विस्तारका कार्यहरूमा पनि बैंकले सहयोग गरेको छ । स्वास्थ्य क्षेत्रमा बैंकले निःशुल्क स्वास्थ्य शिविर, रक्तदान कार्यक्रम तथा विभिन्न स्वास्थ्य सेवा प्रवर्द्धनका गतिविधिहरू सञ्चालन गरेको छ । जनस्तर (Buro) उपचार सम्बन्धी विशेष शिविर मार्फत

५९४ जना बिरामीले उपचार तथा परामर्श सेवा प्राप्त गरेका छन् । साथै, कृत्रिम अंग प्रत्यारोपण केन्द्र, डायलाईसिस सेवा, पुनःस्थापना कार्यक्रम तथा अन्य स्वास्थ्य पूर्वाधार विकासमा समेत बैंकले महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

सामाजिक उद्यमशीलता प्रवर्द्धनका लागि सञ्चालन गरिएको Nabil School of Social Entrepreneurship (Nabil SSE) कार्यक्रम मार्फत हालसम्म ११३ जना फेलो तथा १,४६७ भन्दा बढी प्रशिक्षार्थी लाभान्वित भएका जानकारी गराउँदै यस कार्यक्रमको माध्यमबाट ३१८ भन्दा बढी सामाजिक उद्यम स्थापना भएका छन्, जसले हजारौं रोजगारी सिर्जना गर्नुका साथै नवप्रवर्तन, सामाजिक प्रभाव तथा समावेशी आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको समेत जानकारी गराउनुभयो । बैंकका यी प्रयासहरूले आर्थिक समावेशीकरण, उद्यमशीलता विकास तथा समाजमा सकारात्मक परिवर्तन ल्याउने दिशामा महत्वपूर्ण भूमिका खेलेका सभाध्यक्षले सभासमक्ष जानकारी गराउनुभयो ।

आर्थिक वर्ष २०८३/८४ को प्रारम्भदेखि नै नबिल बैंकले सन्तोषजनक व्यवसायिक वृद्धि हासिल गरेको र पहिलो महिनाको अन्त्यसम्म बैंकको निक्षेप रु. ६ खर्ब ६ अर्ब, कर्जा तथा सापटी रु. ४ खर्ब ९१ अर्ब तथा लगानी रु. १ खर्ब ७१ अर्ब पुगेको सभासमक्ष जानकारी गराउनुभयो । अघिल्लो आर्थिक वर्षको तुलनामा निक्षेप र कर्जामा क्रमशः ०.८% र ०.६% वृद्धि भएको छ भने चालु वर्षमा बैंकको कुल सम्पत्ति करिब रु. ८ खर्ब पुग्ने अनुमान गरिएको समेत सभासमक्ष जानकारी गराउनुभयो । यद्यपि, रसुवा, नुवाकोट तथा धादिङ जिल्लामा आएको भीषण बाढीले केही कर्जा परियोजना तथा बैंकिङ सञ्चालनमा प्रभाव पारेको भएतापनि प्रभावित क्षेत्रमा बैंकले शाखा सञ्चालनको निरन्तरता कायम राख्दै बीमा दावी प्रक्रिया अगाडि बढाएको तथा सम्भावित वित्तीय प्रभावको मूल्याङ्कन गरिरहेको जानकारी गराउनुभयो ।

चालु आ.व. मा भोटेकोशी क्षेत्र तथा देशका अन्य भागहरूमा आएको विनाशकारी बाढीका कारण जनधनको क्षति भएको, जीविकोपार्जनका स्रोत र पूर्वाधारमा ठूलो असर पुगेको, तथा देशभरका समुदायहरू प्रभावित भएतापनि यस्ता कठिन परिस्थितिका बीच पनि नेपाली जनताको अदम्य साहस, करुणा र एकताले उज्यालो उदाहरण प्रस्तुत गरेको र समुदायहरू एकअर्काको सहयोगमा अघि बढेको, पारस्परिक सहकार्यका साथ पुनर्निर्माणमा जुटेको र संकटलाई सामना गर्ने दृढता प्रदर्शन गरेको हुँदा नेपाली समाजको धैर्यता, साहस, सहनशीलता र पुनर्निर्माणको संकल्प उजागर गरेको सन्दर्भमा यही पुनः उठ्ने क्षमता तथा अटल आत्मबलबाट प्रेरित भई नबिल बैंकको ४२औं वार्षिक प्रतिवेदनको मुख्य विषयवस्तु "पुनः उठ्नेछ नेपाल (Nepal Will Rise Again)" राखिएको सभासमक्ष जानकारी गराउनुभयो । प्रतिवेदनको आवरणमा अंकित "पुनः उठ्नेछ नेपाल (Nepal Will Rise Again)" एक

नारामात्र नभई यसले विपत्तिबाट प्रभावितहरूप्रति बैंकको गहिरो संवेदना, आफ्नो जीवन पुनः निर्माण गर्ने प्रयासमा जुटेकाहरूप्रति ऐक्यबद्धता, तथा हरेक चुनौतीलाई पार गर्दै नेपाल अझ सशक्त रूपमा अगाडि बढ्नेछ भन्ने हाम्रो विश्वासलाई अभिव्यक्त गरेको जानकारी गराउँदै एक जिम्मेवार संस्थागत नागरिकका रूपमा सबिल बैंक राष्ट्रको पुनर्स्थापना, पुनर्निर्माण र समग्र प्रगतिमा निरन्तर योगदान पुऱ्याउन प्रतिबद्ध रहेको बताउनुभयो । विपत्तिपछि राष्ट्रभर देखिएको ऐक्यबद्धता, सहयोग र करुणा र मानवीय भावनाले नेपाली समाजको वास्तविक शक्ति प्रकट गरेको छ । प्रभावित परिवारहरुको साहस, उद्दार तथा राहत कार्यमा संलग्नहरुको समर्पण तथा देशभरबाट प्राप्त सहयोगले हामी सबैलाई एउटै विश्वास दिलाएको छ, चुनौतीहरु अस्थायी हुनसक्छन् तर हाम्रो मनोबल, एकता र संकल्प अटल रहन्छ । बैंकले राहत तथा पुनर्स्थापनाका कार्यक्रमहरूका लागि संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत रु.५ करोडसम्म विनियोजन गरी राष्ट्रप्रतिको आफ्नो प्रतिबद्धता पुनः पुष्टि गरेको जानकारी गराउनुभयो ।

आगामी दिनमा बैंकले ग्राहक सेवा विस्तार, प्रविधि तथा डिजिटल बैंकिङको विकास, कर्जा गुणस्तर सुधार, नवीन बैंकिङ उत्पादनहरूको विस्तार तथा आम्दानीका स्रोतहरूको विविधीकरणलाई प्राथमिकता दिने जानकारी गराउँदै आर्थिक मन्दी, तरलता व्यवस्थापन, प्रतिस्पर्धात्मक बजार वातावरण तथा प्राकृतिक विपदजस्ता चुनौतीहरू रहँदा पनि बैंकले सुशासन, जोखिम व्यवस्थापन र दिगो व्यवसायिक वृद्धिमा केन्द्रित रही दीर्घकालीन मूल्य सिर्जना गर्ने विश्वास व्यक्त गरेको समेत सभासमक्ष जानकारी गराउनुभयो ।

बैंकले आगामी दिनमा AI Ready Bank बन्ने लक्ष्यका साथ डिजिटल बैंकिङ विस्तार, ESG तथा दिगो वित्तको प्रवर्द्धन, ग्राहक सेवा तथा वित्तीय पहुँच विस्तार, कर्जा गुणस्तर सुधार, प्रविधिमा आधारित सेवा विस्तार लाई प्रमुख प्राथमिकता दिने सभाध्यक्षले सभासमक्ष जानकारी गराउनुभयो । बैंकले डिजिटल बैंकिङ, कृत्रिम बुद्धिमत्ता, डिजिटल कर्जा तथा अन्य प्रविधिमैत्री सेवामार्फत भविष्यको बैंकिङ रूपान्तरणलाई नेतृत्व गर्ने लक्ष्य लिएको सभासमक्ष जानकारी गराउनुभयो ।

सञ्चालक समितिले संस्थागत सुशासन, पारदर्शिता र जवाफदेहितालाई थप सुदृढ गर्दै बैंकलाई दीर्घकालीन रणनीतिअनुसार अघि बढाइरहेको सभासमक्ष जानकारी गराउनुभयो । सञ्चालक समितिका निर्णयहरूको प्रभावकारी कार्यान्वयनका लागि Board OKR Dashboard मार्फत नियमित अनुगमन गरिँदै आएको तथा शेयरधनी गुनासो पोर्टल (Shareholders Grievance Portal) मार्फत शेयरधनीका गुनासा तथा सुझावहरूको सम्बोधन गर्ने व्यवस्था गरिएको सभासमक्ष जानकारी गराउनुभयो । समितिले सुशासन, जोखिम व्यवस्थापन, ग्राहक सेवा र

दीर्घकालीन मूल्य सिर्जनाप्रति आफ्नो प्रतिबद्धता निरन्तर कायम रहने विश्वास व्यक्त गरेको समेत सभासमक्ष जानकारी गराउनुभयो ।

आगामी दिनमा बैंकले ग्राहक सेवा विस्तार, प्रविधि तथा डिजिटल बैंकिङको विकास, कर्जा गुणस्तर सुधार, नवीन बैंकिङ उत्पादनहरूको विस्तार तथा आम्दानीका स्रोतहरूको विविधीकरणलाई प्राथमिकता दिने तथा आर्थिक मन्दी, तरलता व्यवस्थापन, प्रतिस्पर्धात्मक बजार वातावरण एंव प्राकृतिक विपदजस्ता चुनौतीहरू रहँदा पनि बैंकले सुशासन, जोखिम व्यवस्थापन र दिगो व्यवसायिक वृद्धिमा केन्द्रित रही दीर्घकालीन मूल्य मान्यता सिर्जना गर्ने विश्वास व्यक्त गरेका समेत जानकारी गराउनुभयो ।

साथै, सभाध्यक्षको अनुमतिले सञ्चालक श्री अनिल केशरी शाहज्यूले नविलको यात्रालाई पञ्चतत्व (पृथ्वी, जल, अग्नी, वायु, आकाश)मा आधारित मूल्य मान्यता अर्थात विश्वास (Trust), पारदर्शिता (Transperancy), प्रतिभा(Talent), प्रविधि(Technology) र रूपान्तरण (Transformation) (5 Ts) ले मार्गदर्शन गरेको जानकारी गराउँदै यी पाँच मूल्य मान्यताबाट बैंक अघि बढ्ने समेत सभासमक्ष जानकारी गराउनुभयो ।

सभाध्यक्षले पुनः आफ्नो विषयवस्तु राख्ने क्रममा बैंकको सबैभन्दा ठूलो सम्पत्ति ग्राहक, शेयरधनी, नियामक तथा समाजले राखेको विश्वास भएको हुँदा उक्त विश्वास प्रत्येक दिन आर्जन गर्नुपर्ने जिम्मेवारी बैंकले स्वीकार गरेको सभासम्मक्ष सभाध्यक्षले जानकारी गराउनुभयो ।

९. **छलफलको लागि आव्हवान र सहभागी शेयरधनी महानुभावहरु :**

९.१ तत् पश्चात् बैंकको आ.व. २०८२/८३ को सञ्चालक समितिको प्रतिवेदन, २०८३ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८२/८३ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका सम्पूर्ण विषयमाथि आ-आफ्नो मन्तव्य प्रकट गर्नुहुन र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए मौखिक/लिखित जानकारी गराउनुहुन अध्यक्षज्यूले शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्दै कम्पनी सचिवलाई शेयरधनी महानुभावहरुलाई छलफलमा बोलाउन अनुरोध गर्नुभयो ।

सभामा देहायका शेयरधनी महानुभावहरुले छलफलको क्रममा देहाय अनुसारका प्रश्न तथा सुझावहरु व्यक्त गर्नुभएको थियो :

९.२ छलफलमा सहभागी भई सुझाव दिनुहुने शेयरधनी महानुभावहरुको नाम:

१. श्री उत्तम दत्त पाण्डे
२. श्री व्यास कुमार शर्मा
३. श्री लवराज जोशी
४. श्री उद्धव प्रसाद घिमिरे
५. श्री भक्ति प्रसाद उप्रेती
६. श्री लक्ष्मी बहादुर श्रेष्ठ
७. श्री गुण राज भट्ट
८. श्री युगल बसेल
९. श्री राम गोपाल महर्जन
१०. श्री विरोचन श्रेष्ठ
११. श्री ध्रुवराज न्यौपाने
१२. श्री उत्सव श्रेष्ठ
१३. श्री जीवन लाल बज्राचार्य

लिखित सुझाव दिनुहुने शेयरधनी महानुभावहरु:

१. श्री डमरु वल्लभ घिमिरे
२. प्रा.डा. रामजी प्रसाद पण्डीत
३. श्री चन्द्र नारायण श्रेष्ठ
४. श्री लक्ष्मण बहादुर श्रेष्ठ
५. श्री जगन्नाथ आचार्य
६. श्री सुरेन्द्र चिमौरिया
७. श्री वैजूनाथ रौनियार
८. श्री गोगन बहादुर पराजुली क्षत्री
९. श्री वसुदेव शाक्य
१० श्री युदिप श्रेष्ठ
११. श्री निरुपमा गुप्ता
१२. श्री कृष्ण प्रसाद अधिकारी
१३. श्री शत्रुघन श्रेष्ठ
१४ श्री नरसिंहलाल चंखू

१०. छलफलमा सहभागी तथा लिखित सुझाव दिनुहुने शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका सुझाव, मन्तव्य तथा जिज्ञासाको सारांश :

- १०.८० प्रतिशत नगद लाभांश तथा ५.० प्रतिशत बोनस शेयर सहित १५.८० प्रतिशत लाभांश दिएकोमा धन्यवाद ज्ञापन ।
- मुनाफामा उल्लेख्य वृद्धि गर्न सकेकोमा धन्यवाद ज्ञापन ।
- चालु आ.व.को प्रथम चैमासमा विशेषगरी दशै अघि साधारणसभा गर्न सफल हुनुभएकोमा सञ्चालक समिति तथा लेखापरीक्षक लगायत सम्पूर्णमा धन्यवाद ज्ञापन ।
- लाभांश कम्तिमा पनि २० प्रतिशत दिन आग्रह गर्दै आगामी वर्ष १० प्रतिशत नगद लाभांश तथा १० प्रतिशत बोनस शेयर प्राप्त गर्ने अपेक्षा ।
- वासलातमा अग्राधिकार शेयर र साधारण शेयर जोडि कुल पुँजी देखाइएको हुँदा छुट्टाछुट्टै अलग अलग गरी राख्न सुझाव व्यक्त ।
- भोटेकोशीको बाढीले बैंकको शाखा सञ्जाल तथा कर्जामा पारेको प्रभावका सम्बन्धमा सभालाई जानकारी गराउन अनुरोध ।
- गैर बैंकिङ्ग सम्पत्तिहरु जति सक्दो चाँडो बिक्री गर्न सुझाव ।
- शाखा खोल्ने सम्बन्धमा सजग रहन अनुरोध गर्दै घाटामा रहेका शाखाहरुलाई बन्द गर्ने वा समायोजन/एकीकरण गर्न सुझाव ।
- संस्थाको वृद्धिमा कर्मचारीहरुको ठूलो भूमिका हुने हुँदा कर्मचारीहरुलाई समयानुकुल तालिम तथा प्रशिक्षणको अवसर प्रदान गर्नुपर्ने धारणा व्यक्त ।
- बाह्य लेखापरीक्षकले दिएको कैफियत तथा सुझाव तथा नेपाल राष्ट्र बैंकको निर्देशनहरुको पालन गर्न सुझाव ।
- कर्जा असुली गर्न कमिटी गठन गरी असुल उपर गर्ने तर्फ आवश्यक कार्यवाहीको लागि अनुरोध ।
- निष्क्रिय कर्जा घटाउने तर्फ ध्यान दिन अनुरोध गर्दै कर्जा असुलीका लागि अविलम्ब रणनीति तयार गर्न सुझाव व्यक्त ।
- विगतमा साधारण शेयरधनीहरुलाई साधारण सभामा सम्मान गर्ने गरीएको तर्फ ध्यानाकर्षण गराउँदै शेयरधनी सम्मान कार्यक्रम पुनः शुरु गर्नुपर्ने धारणा व्यक्त ।
- बैंक तथा वित्तीय संस्थाहरुको हाल प्रमुख समस्या भने बजारमा कर्जाको मागमा कमी आउनुका साथै निष्कृय कर्जा वृद्धि हुँदै गइरहेको तर्फ ध्यानाकर्षण गराउँदै कर्जाको गुणस्तरमा ध्यान दिइ उचित रणनीति तय गर्न सुझाव ।
- खुद ब्याज आम्दानी वृद्धि गर्नुपर्ने धारणा व्यक्त गर्दै उचित कदम चाल्न आग्रह ।
- सञ्चालन खर्च वृद्धि भएको तर्फ ध्यानाकर्षण गराउँदै मितव्ययी हुनुपर्ने धारणा व्यक्त ।
- कर्जा अपलेखन निरुत्साहित गर्न सुझाव व्यक्त गर्दै अपलेखित कर्जाको असुलीमा ध्यान दिन आग्रह ।
- अविमोच्य अग्राधिकार शेयर फाईदाजनक भए वा नभएको सम्बन्धमा जिज्ञासा व्यक्त ।

- नविल बैंकमा सम्पूर्ण कुराहरुमा अनुशासन देखिएको जानकारी गराउँदै व्यवस्थापन समेत दक्ष रहेको धारणा व्यक्त । साथै, नविल बैंकको सञ्चालक समितिमा युवा र अनुभवी सञ्चालकहरुको मिश्रण रहेको र व्यवस्थापन टिम पनि सक्षम रहेको विचार व्यक्त ।
- बैंकको कार्यसम्पादन तथा शेयरधनीहरुको ज्ञान आदान प्रदानका लागि क्रियाशिल शेयरधनीहरुसँग अर्धवार्षिक रुपमा छलफल कार्यक्रम गर्न आग्रह ।
- वार्षिक प्रतिवेदनको आकार ठुलो भएको तथा Grease paper को प्रयोग नगरी वार्षिक प्रतिवेदन तयार गर्दा मितव्ययी तथा शेयरधनीहरुलाई पढन सहज हुने धारणा व्यक्त ।
- बैंकले अन्तर्राष्ट्रिय स्तरमा आफ्नो उपस्थिति जनाउनुपर्ने सुझाव व्यक्त गर्दै सकेसम्म चाँडो सम्पर्क कार्यालय खोल्न आग्रह ।
- विदेशी विनियम आम्दानीमा वृद्धि गर्न सुझाव ।
- डिजिटल बैंकिङ सेवामा केन्द्रित भएकोमा खुशी व्यक्त ।
- शाखा विस्तार नगरी Digital माध्यमबाट सेवा विस्तार गर्न सुझाव ।
- अनुसन्धान र विकास सम्बन्धी विभाग गठन गरेर कार्य गर्न सुझाव ।
- कर्जा असुलीमा विशेष ध्यान दिँदै आगामी वर्ष शेयरधनीलाई अझ बढी प्रतिफल दिनुपर्ने सुझाव व्यक्त ।
- ग्राहक मनोरञ्जन शिर्षक अन्तर्गतको खर्चको सम्बन्धमा जिज्ञासा व्यक्त ।
- सञ्चालक समितिको खर्च तथा कानूनी खर्चमा वृद्धि भएको धारणा व्यक्त ।
- गैर बैंकिङ्ग सम्पत्तिको विवरण वार्षिक प्रतिवेदनमा उल्लेख गर्न सुझाव ।
- नेपाल बैंकर्स एशोसियशन मार्फत सम्पत्ति व्यवस्थापन कम्पनी (Assets Maangement Company) स्थापना गरी गैर बैंकिङ्ग सम्पत्ति व्यवस्थापन गर्नुपर्ने धारणा व्यक्त ।
- पुनः उठ्नेछ नेपाल (Nepal Will Rise Again) भनि वार्षिक प्रतिवेदन तयार गर्नुभएकोमा धन्यवाद ज्ञापन ।
- खर्चलाई नियन्त्रणको सिमाभित्र राख्न सकेको धारणा व्यक्त ।
- भोटेकोशी बाढी पिडितका लागि संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सबदो सहयोग गर्न सुझाव ।
- निक्षेप तथा कर्जामा उल्लेख्य वृद्धि गर्न सफल भएपनि खुद ब्याज आम्दानी सोही अनुपातिक वृद्धि नभएको गुनासो व्यक्त ।
- खराब कर्जा, गैर बैंकिङ्ग सम्पत्ति तथा अपलेखित कर्जातर्फ उच्च प्राथमिकता दिई कर्जा असुली गर्न सुझाव ।
- लेखापरीक्षक Howladar Yunus & Co. ले नेपालको बैंकहरुमा कर्जा evergreening गरेको प्रतिवेदन पेश गरेको जानकारीमा आएको हुँदा नविल बैंकले कुनै कर्जा evergreening नगरेको विश्वास व्यक्त ।
- कर्जा असुलीका लागि धितो लिलाममा प्राथमिकता दिन आग्रह ।

- गजंर पुँजी बन्ने बैंक आफ्नै लयमा फर्किएको धारणा व्यक्त ।
- Corporate Advisory खर्चमा ध्यान दिन आग्रह । लाभांश वितरण गर्ने क्रममा १९.१० प्रतिशत हुँदा हुँदै जम्मा १५.८० प्रतिशतमात्र लाभांश दिएको गुनासो व्यक्त ।
- साधारणसभा विदाको दिन तथा समय १९ बजेपश्चात् गरेमा शेयरधनीहरुलाई सहज हुने धारण व्यक्त गर्दै साधारणसभा नेपाल स्टक एक्सचेन्ज मा कारोबार नहुने दिनमा गर्न सुझाव ।
- नगद लाभांश बढी वितरण गर्दा कर्जा निक्षेप अनुपातमा चाप हुने धारणा व्यक्त गर्दै बोनस शेयरलाई प्राथमिकता दिई नगद लाभांश १० प्रतिशत भन्दा कम दिनुपर्ने धारणा व्यक्त ।
- वार्षिक प्रतिवेदनमा गैर बैंकिङ्ग सम्पत्ति, खराब कर्जा, कर्जा नोक्सानी व्यवस्था, अपलेखित कर्जा, अपलेखित कर्जाबाट फिर्ता समेतको BAR Graph/Chart राख्न आग्रह ।
- शतप्रतिशत कर्जा नोक्सानी गरिएका ऋणीहरुको विवरण वार्षिक प्रतिवेदनमा राख्न सुझाव ।
- सम्पूर्ण मुनाफा तथा बाँकी रहेको सञ्चित मुनाफा (retained earning) को रकम शेयरधनीहरुलाई बोनस शेयर वितरण गर्न विशेष साधारण सभा राख्न सुझाव व्यक्त गर्दै त्यसबाट वृद्धि हुने रकमले पूँजी तथा कर्जा निक्षेप अनुपात सुधार गर्नका साथै व्यवसाय विस्तारमा सहयोग पुग्ने धारणा व्यक्त ।
- कर्जा नोक्सानी व्यवस्था खासै नघटेको तर्फ ध्यानाकर्षण गराउँदै कर्जा असुलीमा ध्यान दिनुपर्ने धारणा व्यक्त ।
- शेयरको Book value को न्यूनतम १० प्रतिशत लाभांश प्रदान गर्नुपर्ने धारणा व्यक्त गर्दै आगामी वर्ष २५ प्रतिशत लाभांश दिन आग्रह ।
- बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार आफ्नो Product Paper हरु तयार गर्नुपर्ने सुझाव व्यक्त ।
- बैंक AI ready बैंक बन्ने तयारी गरिरहेकोमा कर्मचारी संख्या वृद्धि भएकोतर्फ ध्यानाकर्षण गराउँदै AI बाट काम लिनुपर्ने र थप कर्मचारी भर्ना गर्नेतर्फ ध्यान हुनुपर्ने धारण व्यक्त ।
- प्रमुख कार्यकारी अधिकृतको भत्ताको विवरण समेत वार्षिक प्रतिवेदनमा उल्लेख गर्न आग्रह ।
- लेखापरीक्षकको पारिश्रमिक थेरै भएको धारण व्यक्त गर्दै त्यसको विरुद्धमा लाग्न अनुरोध ।
- खर्च र आम्दानीको अनुपात (Expenses to Income Ratio) वृद्धि भएको तर्फ ध्यानाकर्षण गराउँदै खर्च कम गर्न सुझाव ।
- बजारमा अत्यन्तै तरलता रहेको तथा न्यून ब्याज भएको हुँदा डिबेन्चर जारी गर्न उपयुक्त समय भएको धारण व्यक्त । साथै डिबेन्चरको परिपक्व हुने समयचक्र समेत रणनीतिक ढंगबाट व्यवस्थापन गर्न सुझाव ।
- Advertisement खर्च लगायत विभिन्न खर्च कम गर्नुपर्ने धारणा ।
- भोटेकोशी बाढीबाट शिक्षा लिई शाखा कार्यालयहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने भए स्थानान्तरण गर्न सुझाव ।

- बासलातको आकार रु. १,००० अर्ब वा बढिले बनाउने भन्ने जिज्ञासा व्यक्त गर्दै त्यस तर्फ ध्यान दिन आग्रह ।
- Unaudited / Audited financials को बिच फरक नभएकोमा आन्तरिक लेखापरीक्षण विभाग तथा आन्तरिक लेखापरीक्षकलाई धन्यवाद ज्ञापन ।
- ग्राहकहरुलाई ब्याज सुविधा रामोसँग दिएको हुँदा NII कम भएको धारणा व्यक्त ।
- संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी प्रस्ताव साधारण सभामा पेश नगरे हुन्छ भने नगर्ने सुझाव व्यक्त ।
- लेखापरीक्षण समितिको बैठक धेरै बसेका धारणा व्यक्त गर्दै सो सम्बन्धमा जिज्ञासा व्यक्त ।
- साधारणसभामा शेयरधनीमहानुभावहरुलाई खानाको व्यवस्था गर्न आग्रह ।
- ग्राहक मनोरञ्जन खर्च, वार्षिक साधारणसभा खर्च, अपलेखन खर्च, गैर बैंकिङ्ग खर्चमा ध्यान दिन आग्रह ।
- सञ्चालकहरुले लिएको वार्षिक सिकाई तथा पूर्नताजगी कार्यक्रममा भाग लिएका सञ्चालकहरुको नाम तथा स्थान समेत संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदनमा उल्लेख गर्ने सुझाव ।
- असुल उपर गर्न बाँकी ब्याजको रकमको सम्बन्धमा जिज्ञासा व्यक्त गर्दै कर्जा असुलीमा ध्यान दिन आग्रह ।
- Equity मा लगानी सम्बन्धी विवरणको लेखाङ्कनमा जिज्ञासा व्यक्त गर्दै आवश्यक सुधार गर्नुपर्ने धारणा व्यक्त गर्दै यसको व्यवस्थापनमा ध्यान दिन आग्रह ।
- सञ्चालक समितिको अन्य खर्चको सम्बन्धमा जिज्ञासा व्यक्त गर्दै खर्चमा मितव्ययिता गर्न सुझाव ।
- पेशागत तथा कानूनी खर्चका सम्बन्धमा जिज्ञासा व्यक्त गर्दै उक्त खर्च कटौती गर्नुपर्ने धारणा व्यक्त ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्चको जिज्ञासा व्यक्त गर्दै त्यसको सदुपयोग गर्न आग्रह ।
- बोनस शेयर र नगद लाभांश प्रतिवेदनमा सहज रुपमा बुझ्ने गरी राख्न अनुरोध ।
- पुनः उठ्नेछ नेपाल वार्षिक प्रतिवेदनको नारा (slogan) राख्नुभएकोमा धन्यवाद व्यक्त गर्दै बैंकले राष्ट्रियताको सवालमा बैंक अगाडि रहेकोमा गौरभान्वित भएको जानकारी प्रस्तुत ।
- बैंक लाभांश वितरणमा समेत १ नम्बरमा हुनुपर्ने धारण व्यक्त गर्दै तेस्रो त्रैमासिकको नतिजामार्फत यस सम्बन्धी समिक्षा गर्नुपर्ने सुझाव व्यक्त ।
- साधारणसभामा बोल्ने वक्ताहरुको फोटो बजबभमल मा समेत आउने गरी राख्नुपर्ने सुझाव व्यक्त ।
- बैंक बाहिर मात्र संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यहरु नगरी सोटेकोशी बाढी पिडित कर्मचारी तथा शेयरधनी एवं जेष्ठ नागरिकका लागि समेत गर्नुपर्ने सुझाव व्यक्त ।
- नोक्सानी व्यवस्था (Impairment) बढेको तर्फ ध्यानाकर्षण गराउँदै कर्जाको गुणस्तर तथा असुलीमा ध्यान दिन आग्रह । मुनाफा बृद्धि गर्ने कि त आम्दानीमा बृद्धि गर्नुपर्ने वा खर्च कम गर्नुपर्ने भन्ने

सुझाव व्यक्त गर्दै Gross Net Income मा खर्चको अनुपात बढी भएको तर्फ ध्यानाकर्षण गराउँदै ५ प्रतिशत मन्दा तल ल्याउन सुझाव व्यक्त ।

- लघुवित्त तर्फ भएको लगानी तथा कर्जा सम्बन्धमा जिज्ञासा व्यक्त ।
- जलविद्युत क्षेत्रतर्फ प्रवाहित कर्जाको र मोरेकोणी बाढीबाट परेको प्रभाव तथा क्षतिको सम्बन्धमा जानकारी गराउन अनुरोध ।

११. सभामा शेयरधनी महानुभावहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको अध्यक्षले दिनु भएको जवाफ :

शेयरधनी महानुभावहरुले बैंकप्रति दर्शाउनु भएको सदभाव र आजको साधारणसभामा उत्साहपूर्वक भाग लिएर लिखित तथा मौखिक सुझाव एवं मार्गदर्शन दिनुभएकोमा सभाध्यक्षले धन्यवाद ज्ञापन गर्नुभयो । तत् पश्चात् अध्यक्षज्यूले प्रमुख कार्यकारी अधिकृत श्री मनोज कुमार ज्ञवालीलाई आफ्ना भनाई, प्रतिक्रिया तथा प्रतिवद्धता भए सभालाई जानकारी गराउन अनुरोध गर्नुभयो ।

प्रमुख कार्यकारी अधिकृत श्री मनोज कुमार ज्ञवालीले शेयरधनीहरुले बैंकको कार्य सम्पादन लगायतका विषयका सम्बन्धमा दिनुभएको मन्तव्य, सुझाव एवं जिज्ञासाका लागि धन्यवाद दिनुभयो । प्रमुख कार्यकारी अधिकृतले देहाय बमोजिम सभालाई सम्बोधन गर्नुभयो ।

शेयरधनीहरुको सुझाव सल्लाहको बैंकले अभिलेख राखि त्यस्ता सुझावहरुको कार्यान्वयन गर्ने गरीएको जानकारी गराउँदै गत वर्षको सुझावहरु मध्ये स्प्रेड दर सुधार गर्न अथक प्रयासको बावजुद अपेक्षाकृत गर्न नसकिएको धारण व्यक्त गर्दै २० वाणिज्य बैंकहरुमध्ये ८ वाणिज्य बैंकहरुको त NII नै घटेको अवस्थामा र कर्जामा ५.४ प्रतिशतको खुद वृद्धि लिएर पनि स्प्रेड दरमा कम सम्झौता गर्ने नविल बैंक रहेको जानकारी गराउनुभयो । अध्यक्षज्यू लगायत सञ्चालक समितिका प्रत्येक सदस्यहरुले शेयरधनीहरुको सुविधा तथा सुझावहरुको कार्यान्वयनलाई निरन्तर चासो राखि कार्यान्वयनको जानकारी लिने गर्नुभएको र शेयरधनीहरुको लागि तीनधारा दरबारमार्ग शाखामा छुट्टै काउण्टर राखि सेवा प्रदान गरिएको एवं शेयरधनीहरुको गुनासो, सुझावका लागि बैंकका वेवसाइट (website) मा शेयरधनी गुनासो पोर्टल (shareholders grievance portal) तयार गरिएको र उक्त पोर्टल मार्फत समेत सुझाव दिन अनुरोध गर्नुभयो । Interest Suspense उठाउनका लागि बैंक लागि परेको र ब्याज असुली गत्यवर्ष मन्दा समिक्षा वर्षमा रु.६.४८५ अर्वबाट रु.६.११२ अर्ब पुगेको जानकारी गराउनुभयो । AI तथा Digitization मा ध्यान केन्द्रीत गरेको जानकारी गराउँदै आगामी केही वर्षहरुमा यसको प्रत्यक्ष फाइदाका सम्बन्धमा शेयरधनीहरुले प्राप्त गर्ने जानकारी गराउनुभयो । साथै, बैंक सञ्चालक समिति यस तर्फ अत्यन्तै सजग रहेको र सञ्चालक समितिको अध्यक्षले ७०१औं सञ्चालक समितिको बैठक र सो उपरान्तका सम्पूर्ण बैठक भत्ता रकम बैंकका कर्मचारीहरुका लागि Chairman's Artificial Intelligence (AI) Scholarship का लागि प्रदान गर्नुभएको जानकारी गराउनुभयो । छपाई खर्चमा

कटौती गर्ने सभामा दिनुभएको सुझावको संबोधन गर्दै बैकले समिक्षा वर्षमा उक्त शीर्षक अन्तर्गत २२ प्रतिशतले कम गर्न सफल भएको सभालाई जानकारी गराउनुभयो । लाभांश रकम वृद्धि गर्ने सभामा व्यक्त सुझावलाई संबोधन गर्दै लाभांश नियमित रुपमा कायम राखिएको र शेयरधनीहरुले अपेक्षा गेर बमोजिम वृद्धि गर्दै जाने धारण व्यक्त गर्दै स्वस्थ तथा दिगो लाभांश दिने कुरामा बैक सचेत रहेको जानकारी गराउनुभयो । शेयरधनी सम्मान कार्यक्रमलाई निरन्तरता दिन सभामा गरिएको अनुरोधलाई सम्बोधन गर्दै यसलाई आवश्यक छलफल गरी उपयुक्त तवरले सम्बोधन गरिने जानकारी गराउनुभयो ।

नेपाल बाहिर Representataive कार्यालय खोल्ने सभामा व्यक्त सुझावलाई सम्बोधन गर्दै बैकले यस सम्बन्धमा आवश्यक रणनीति तयार गरिसकेको र नेपाली Diaspora भएको देशहरु जस्तै: अष्ट्रेलिया, संयुक्त अधिराज्य, जापान जस्ता देशमा शाखा खोल्ने योजना रहेको जानकारी गराउँदै नियमन प्रावधान सहज हुने वित्तिकै यस सम्बन्धमा छिट्टै निर्णय गरी आवश्यक कार्यान्वयन गरीने जानकारी गराउनुभयो ।

प्रतिलपत्र तथा विदेशी विनिमय आम्दानी वृद्धि गर्नुपर्ने भनि सभामा व्यक्त सुझावलाई मनन गर्दै आगामी वर्ष त्यसतर्फ उल्लेख्य वृद्धि गर्ने गरी रणनीति तयार गरिएको हुँदा उल्लेख्य सुधार हुने धारण व्यक्त गर्नुभयो । कर्जा निक्षेप अनुपातको प्रभावकारी व्यवस्थापन गर्ने सभामा व्यक्त सुझावलाई संबोधन गर्दै गत वर्ष बैकले NII सुधार गर्न सफल भएको र यस वर्ष पनि प्रयासरत रहेको र अत्यधिक तरलताको कारण निक्षेप वृद्धिका कारणले चाप परेको जानकारी गराउनुभयो । स्प्रेडदर ४ प्रतिशत पुऱ्याउन सभामा व्यक्त सुझावका सम्बन्धमा नियमित रुपमा सुधार गरी त्यो लक्ष्य प्राप्ति गर्न प्रयास गरिने तर बजारको अवस्थामा निर्भर गर्ने जानकारी गराउनुभयो । वार्षिक प्रतिवेदनमा साधारण सभाको झलकहरु राख्नुपर्ने भनी सभामा व्यक्त सुझावलाई मनन गर्दै शेयरधनीहरुको लागि तयार गरिएको brouchers मा राखिएको र आगामी वर्षको वार्षिक प्रतिवेदनमा झलकहरु राखिने र वार्षिक प्रतिवेदनलाई सकेसम्म हलुका तथा कागजको गुणस्तर समेतलाई ध्यान दिने जानकारी गराउनुभयो । साधारणसभा नजुधाउन सभामा व्यक्त सुझावलाई सम्बोधन गर्दै बैकले कसैसँग नजुधाउने गरी आफ्नो साधारण सभा तय गरेको र नेपाल राष्ट्र बैंकबाट एकैपटक धेरै बैंक तथा वित्तीय संस्थाहरुको वित्तीय विवरण स्वीकृति भई जतिसक्दो चाँडो साधारणसभा गर्नुपर्ने भएकोले संयोग वस जुध्न गएको हुनसक्ने धारणा व्यक्त गर्नुभयो । नगद लाभांशले शेयरको बजार मूल्य घट्न जाने भन्ने सुझावलाई सम्बोधन गर्दै व्यवसायको वृद्धिको क्षमता तथा DPS/BPS कायम गर्नुपर्ने लगायत सम्पूर्ण वित्तीय अवस्थालाई विचार गरेर निर्णय गरिने जानकारी गराउनुभयो । Trillion को बाभलालको आकारको बैंक बन्ने सभामा व्यक्त सुझावलाई सम्बोधन गर्दै बैकले आफ्नो रणनीति तय गरी त्यसतर्फ अगाडि बढिरहेको जानकारी गराउँदै आगामी ३-४ वर्षमा शेयरधनीको अपेक्षा पुरा हुने सभासमक्ष जानकारी गराउनुभयो । प्रमुख कार्यकारी अधिकृतको तलब तथा भत्ताको सम्बन्धमा सभामा व्यक्त जिज्ञासाको सम्बोधन गर्दै बैक पारदर्शी रहेको र सुझाव अनुसार वार्षिक प्रतिवेदनमा थप विवरण राखिने सभासमक्ष

जानकारी गराउनुभयो । लेखापरीक्षकको पारिश्रमिक बढी भएको भनी सभामा व्यक्त गुनासोका सम्बन्धमा लेखापरीक्षकले दिने सेवा तथा लेखापरीक्षण गर्नुपर्ने इकाइहरुको आधारमा सेवा शुल्क युक्तीसंगत हुरीदिनु अनुरोध गर्नुभयो । कर्मचारी बोनसका सम्बन्धमा सभामा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै कर्मचारी बोनस प्रचलित कानून तथा सम्मानित सर्वोच्च अदालतको निर्णय बमोजिम नै गरिएको धारणा व्यक्त ।

भोटेकोशीमा प्रभावित शाखाहरुमा कार्यरत कर्मचारीहरुलाई गरिएको सहयोगको सम्बन्धमा सभामा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै भोटेकोशीमा प्रवाहित शाखाहरुमा कार्यरत कर्मचारीहरुलाई हेलिकप्टर मार्फत उद्धार गरिएको र उहाँहरुलाई पर्याप्त छलफल गरी आवश्यक सहयोग गरिएको र आउटसोर्स र स्थायी कर्मचारीमा कुनै भेदभाव नगरेको सभासमक्ष जानकारी गराउनुभयो । भोटेकोशी बाढीमा बैंकको शाखामा रहेको नगद तथा अन्य सम्पत्ति बगाएको भएतापनि बीमा गरिएको जानकारी गराउँदै अन्यत्र शाखाबाट प्रवाहित कर्जाको सुरक्षण स्वरुप राखिएका धितो सम्पत्तिहरुको पूर्ण विवरण संकलन गरीरहेको जानकारी गराउँदै २ वटा ऋण लगानी गरिएका जलविद्युत आयोजनाहरु क्षति भएको भएतापनि बीमा गरिएको र बैंकले उल्लेखनीय नोक्सानी नगरेको सभासमक्ष जानकारी गराउनुभयो ।

गैर बैंकिङ्ग सम्पत्ति, खराब कर्जा, अपलेखित कर्जा असुलीमा रणनीति तयार गरी असुली गनुपर्ने भनी सभामा व्यक्त सुझावलाई सम्बोधन गर्दै बैंकले गैर बैंकिङ्ग सम्पत्ति, खराब कर्जा, अपलेखित कर्जा असुलीका लागि छुट्टाछुट्टै इकाई गठन गरी दत्तचित्त रुपमा असुली गर्ने गरेको हुँदा शेयरधनीहरुको अपेक्षा अनुसार काम भईरहेको धारण व्यक्त । पेशागत तथा कानूनी खर्च बढी भएको भनि सभामा व्यक्त गुनासो तथा जिज्ञासालाई सम्बोधन गर्दै खर्चमा बैंक मितव्ययी रहेको र चीनमा दायर बैंक ग्यारेण्टी मुद्दामा प्रतिरक्षा गर्न वकिललाई भुक्तानी गरिएको रकम उल्लेख्य भएको हुँदा यस वर्ष कानूनी खर्चमा वृद्धि भएको भएतापनि बैंकले खर्च गरेको रकम समेतको दावि लिई मुद्दा दायर गर्ने क्रममा रहेको सभासमक्ष जानकारी गराउनुभयो । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चको सम्बन्धमा सभामा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै बैंकले यस अन्तर्गत गरेको खर्च वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको र पारदर्शी रहेको जानकारी गराउनुभयो । Nabil SSE कार्यक्रममार्फत हालसम्म ११३ जना फेलो तथा १,४६७ भन्दा बढी प्रशिक्षार्थी लाभान्वित भएका जानकारी गराउँदै यस कार्यक्रमको माध्यमबाट ३१८ भन्दा बढी सामाजिक उद्यम स्थापना भएको जानकारी गराउनुभयो । बैंकहरुको लेखापरीक्षण भएको र लेखापरीक्षण नभएको वित्तीय विवरणमा फरकपर्ने गरेको भनी सभामा गरिएको जिज्ञासाका सम्बन्धमा सम्बोधन गर्दै नबिल बैंकको वित्तीय विवरणहरुमा कुनै फरक नरहेको र सुशासन तथा पारदर्शितालाई ध्यानमा राखि लेखापरीक्षण भएको र लेखापरीक्षण नभएको वित्तीय विवरणमा फरक हुन नदिने प्रतिवद्धता व्यक्त गनुभयो । नोक्सानी व्यवस्था बढीरहेको भनि सभामा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै बैंक यस तर्फ सजग रहेको र व्यवस्था लागि रणनीति तयार

गर्ने रणनीति अनुसार अघि बढिरहेको हुँदा शेयरधनी महानुभावहरुलाई यही भन्दा बढी प्रतिफल दिन प्रयत्न गरिने जानकारी गराउनुभयो । शेयरधनी महानुभावहरुले साधारण सभामा मात्र नभई अन्य समयमा पनि बैंकलाई राय सुझाव दिन अनुरोध गर्नुभयो ।

शेयरधनीहरुको सुझावका लागि धन्यवाद व्यक्त गर्दै शेयरधनीहरुले दिनुभएको हौसला सुझाव ग्रहण गर्दै आगामी दिनमा समेत अझ राम्रो गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । उहाँले बैंकको कार्य सम्पादनमा कुनै कमी आउन नदिने प्रतिवद्धता व्यक्त गर्दै शेयरधनीहरुले प्राप्त गर्ने प्रतिफलमा कमी आउन नदिने गरी काम गरिरहेको जानकारी गराउनुभयो । आजको साधारण सभामा प्राप्त भएका सम्पूर्ण मार्गदर्शन तथा सुझाव एवं व्यवस्थापनप्रतिको विश्वासका लागि शेयरधनी महानुभावहरु, अध्यक्षज्यू, लगायत सम्पूर्ण सञ्चालक समिति प्रति धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्नुभयो ।

सभाध्यक्षले प्रमुख कार्यकारी अधिकृतले शेयरधनी महानुभावहरुले राख्नु भएको सुझाव र जिज्ञासाहरु सबै सम्बोधन गरीसक्नु भएको र सो को पुनरावृत्ती आवश्यक नभएको धारणा राख्दै शेयरधनीहरुको सुझावका लागि पुनः धन्यवाद व्यक्त गर्दै शेयरधनीहरुले दिनुभएको हौसला सुझाव ग्रहण गर्दै आगामी दिनमा समेत बैंकको कार्यसम्पादन अझ राम्रो गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

तत्पश्चात् सभाध्यक्षले साधारणसभामा पेश गरिएका प्रस्तावहरु सभासमक्ष पेश गर्न कम्पनी सचिवलाई अनुरोध गर्नुभयो ।

१२. सभाको निर्णय :

(क) सामान्य प्रस्ताव तर्फ :

१. सञ्चालक समितिको प्रतिवेदन २०८२/८३ पारित गर्ने ।

सभामा प्रस्तुत आ.व. २०८२/८३ को सञ्चालक समितिको प्रतिवेदन स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव राखिएकोमा सभाले सर्वसम्मतिबाट आ.व. २०८२/८३ को सञ्चालक समितिको प्रतिवेदन स्वीकृत/पारित गऱ्यो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८३ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व. २०८२/८३ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु स्वीकृत गर्ने ।

लेखापरीक्षकको प्रतिवेदन सहितको २०८३ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त आ.व.२०८२/८३ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश

गरिएकोमा सभाले वित्तीय अवस्थाको विवरण लगायतका सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट स्वीकृत/पारित गर्‍यो ।

३. **यस बैंकका सहायक कम्पनीहरु नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड र नबिल स्टक डिलर लि. को आ.व. २०८२/८३ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।**

बैंकका सहायक कम्पनीहरु नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लि. र नबिल स्टक डिलर लि. को आ.व. २०८२/८३ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण स्वीकृत गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सो एकीकृत वित्तीय विवरण सभाले सर्वसम्मतिबाट स्वीकृत/पारित गर्‍यो ।

४. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम नबिल ८ प्रतिशत अविमोच्य अग्राधिकार शेयरधनीहरुलाई चुक्ता पूँजीको ८ प्रतिशतले हुने रकम रू.२३,३४,२४,६५७/५३ (अक्षरेपी तेइस करोड चौंतीस लाख चौबीस हजार छ सय सन्ताउन्न रुपैंया त्रिपन्न पैसा मात्र) नगद लाभांश (नगद लाभांशमा लाग्ने कर सहित) (बाँडफाँट भएको मितिको आधारमा समानुपातिका रुपमा २१३ दिनको) वितरण गर्न स्वीकृत गर्ने ।**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम नबिल ८ प्रतिशत अविमोच्य अग्राधिकार शेयरधनीहरुलाई चुक्ता पूँजी रू.५ अर्बको ८ प्रतिशतले (बाँडफाँड भएको मितिको आधारमा समानुपातिका रुपमा २१३ दिनको)हुने रकम रू.२३,३४,२४,६५७/५३ (अक्षरेपी तेइस करोड चौंतीस लाख चौबीस हजार छ सय सन्ताउन्न रुपैंया त्रिपन्न पैसा मात्र) नगद लाभांश (नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्न स्वीकृतिको लागि सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सभाले सर्वसम्मतिबाट प्रस्ताव स्वीकृत/पारित गर्‍यो ।

५. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम साधारण शेयरधनीहरुलाई चुक्ता पूँजीको १०.८० प्रतिशत नगद लाभांश (नगद लाभांश तथा बोनस शेयरमा लाग्ने कर समेत) ले हुने रकम रू.२,९२,२१,५५,६४६/७६ (अक्षरेपी दुई अर्ब बयानब्बे करोड एक्काईस लाख पचपन्न हजार छ सय छयालीस रुपैयाँ छयहत्तर पैसा मात्र) वितरण गर्न स्वीकृत गर्ने ।**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम साधारण शेयरधनीहरुलाई चुक्ता पूँजीको १०.८० प्रतिशत नगद लाभांश (नगद लाभांश तथा बोनस शेयरमा लाग्ने कर समेत) ले हुने रकम रू.२,९२,२१,५५,६४६/७६ (अक्षरेपी दुई अर्ब बयानब्बे करोड एक्काईस लाख पचपन्न हजार छ सय छयालीस रुपैयाँ छयहत्तर पैसा मात्र) वितरण गर्न स्वीकृतिको निमित्त सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव स्वीकृत/पारित गर्‍यो ।

६. आ.व. २०८३/८४ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

कम्पनी ऐन, २०६३ को दफा ११९ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को व्यवस्था अनुसार आ.व.२०८३/८४ का लागि लेखापरीक्षण समितिले क्रमशः P.J.P.N. & Co., Chartered Accountants, S.A.R. Associates, Chartered Accountants / NBSM, Chartered Accountants सिफारिस गरेको र तिनै जना चार्टर्ड एकाउण्टेन्ट्सले समान रू.४४,१२,६५०/- (मुल्य अभिवृद्धि कर सहित) पारिश्रमिक माग गरेको जानकारी गराउँदै आ.व.२०८३/८४ (सन् २०२६/२७) का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सभासमक्ष प्रस्ताव पेश गरिएकोमा सभाले लेखापरीक्षण समितिले सिफारिस गरेका तिन चार्टर्ड एकाउण्टेन्ट्स मध्ये अनुभवका आधारमा P.J.P.N. & Co., Chartered Accountants लाई आ.व.२०८३/८४ का लागि लेखापरीक्षकमा नियुक्त गर्ने र निजको पारिश्रमिक स्वरुप रू.४४,१२,६५०/- (अक्षरेपी चवालीस लाख बाह्र हजार छ सय पचास मात्र) (मुल्य अभिवृद्धि कर सहित) निर्धारण गरी सोको अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत/पारित गर्‍यो ।

७. संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद तीन (३) को निर्वाचन गर्ने ।

उपरोक्त प्रस्तावका सम्बन्धमा बैंकको नियमावली अनुसार संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद ३ (तीन) को निर्वाचनका सम्बन्धमा आवश्यक जानकारी गराइदिन निर्वाचन अधिकृत अधिवक्ता वासुदेव रिजालज्यूले अनुरोध गरिएकोमा निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धमा प्रकाशित निर्वाचन तालिका बमोजिम सम्पन्न भएका विभिन्न कार्यहरुको विस्तृत जानकारी दिदै उम्मेदवारी मनोनयनका लागि निर्धारित समयावधिभित्र संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्दै बैंकका संस्थापक शेयरधनी एन.बी.(इन्टरनेशनल) लिमिटेड, आयरल्याण्डका तर्फबाट दुईजना प्रतिनिधि श्री निर्वाण कुमार चौधरीज्यू तथा श्री मलय मुखर्जीज्यू र संस्थापक शेयरधनी आइएफआईसी बैंक पिएलसी, बङ्गलादेशको तर्फबाट प्रतिनिधि श्री सइद मन्सुर मुस्तफाज्यू बाहेक अन्य कसैको पनि उम्मेदवारी नपरेकाले उहाँहरु तीन जना निर्विरोध निर्वाचित हुनुभएको व्यहोरा सभालाई जानकारी गराउँदै निर्विरोध निर्वाचित सञ्चालकद्वय श्री निर्वाण कुमार चौधरीज्यू, श्री मलय मुखर्जीज्यू र श्री सइद मन्सुर मुस्तफाज्यूलाई बधाई ज्ञापन गर्दै प्रमाणपत्र प्रदान गर्नुभयो । साथै, नवनिर्वाचित सञ्चालकहरुलाई अन्य सञ्चालकहरु र प्रमुख कार्यकारी अधिकृत एंव सभामा उपस्थित शेयरधनीज्यूबाट सबैले बधाई ज्ञापन गर्दै स्वागत गर्नुभयो ।

(ख) विशेष प्रस्ताव तर्फ :

१. **बैंकको अधिकृत पूँजी वृद्धि गरी रू.३४ अर्ब रुपैयाँ पुऱ्याउने ।**
बैंकको अधिकृत पूँजी वृद्धि गरी रू.३४ अर्ब रुपैयाँ पुऱ्याउने सम्बन्धी विशेष प्रस्ताव सभा समक्ष पेश गरिएकोमा सभाले सर्वसम्मतिबाट प्रस्ताव स्वीकृत/पारित गऱ्यो ।

२. **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम साधारण शेयरधनीहरुलाई चुक्ता पूँजीको ५ प्रतिशतका दरले रू.१,३५,२८,४९,८३६/४६ (अक्षरेपी एक अर्ब पैँतिस करोड अठ्ठाईस लाख उनान्चास हजार आठ सय रुपैयाँ छयालीस पैसा मात्र) बराबर बोनस शेयर वितरण गर्ने ।**
सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम साधारण शेयरधनीहरुलाई चुक्ता पूँजीको ५ प्रतिशतका दरले रू.१,३५,२८,४९,८३६/४६ (अक्षरेपी एक अर्ब पैँतिस करोड अठ्ठाईस लाख उनन्चास हजार आठ सय रुपैयाँ छयालीस पैसा मात्र) बराबर बोनस शेयर वितरण गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृतिको निमित्त सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव स्वीकृत/पारित गऱ्यो ।

३. **विशेष प्रस्ताव नं. १ र २ बमोजिम बैंकको अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजीमा परिवर्तन गर्नुपर्ने भएका कारण प्रबन्धपत्रको दफा ५(१), ५(२) र ५(३) मा रहेको विद्यमान व्यवस्थामा आवश्यक संशोधन गर्ने प्रस्ताव पारित गर्ने तथा संशोधनमा नियमनकारी निकायबाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक परिमार्जन, संशोधन तथा समायोजन गर्न सञ्चालक समिति (वा समितिले तोकेको व्यक्ति) लाई अख्तियारी दिने ।**
विशेष प्रस्ताव नं. १ र २ बमोजिम बैंकको अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजीमा परिवर्तन गर्नुपर्ने भएका कारण प्रबन्धपत्रको दफा ५(१), ५(२) र ५(३) मा रहेको विद्यमान व्यवस्थामा आवश्यक संशोधन स्वीकृत गर्न सभा समक्ष विशेष प्रस्ताव पेश गरिएकोमा सभाले उल्लिखित सम्पूर्ण विशेष प्रस्तावहरु तपसील बमोजिम सर्वसम्मतिबाट पारित गऱ्यो:

प्रबन्धपत्रमा संशोधन :

◎ **प्रबन्धपत्रको दफा ५(१) लाई देहाय बमोजिम संशोधन गर्ने :**
बैंकको अधिकृत पूँजी रु.३४,००,००,००,०००/-(अक्षरेपी चौँतीस अर्ब रूपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई रु.१००/-दरका २९,००,००,००० (उनान्तीस करोड) कित्ता साधारण सेयरमा र रु.१००/-दरका ५,००,००,०००(पाँच करोड) कित्ता अग्राधिकार शेयरमा विभाजित गरिएको छ ।

◎ **प्रबन्धपत्रको दफा ५(२) लाई देहाय बमोजिम संशोधन गर्ने :**
बैंकको जारी पूँजी रु.३३,४०,९८,४६,५६५/७२ (अक्षरेपी तेत्तीस अर्ब चालीस करोड अन्ठानब्बे लाख छयालीस हजार पाँच सय पैँयट्ठी रुपैयाँ बहत्तर पैसा मात्र) हुनेछ, सो पूँजीलाई प्रति सेयर रु.१००/- दरका २८,४०,९८,४६५.६५ कित्ता साधारण सेयरमा र रु.१००/- दरका ५,००,००,००० (पाँच करोड) कित्ता अग्राधिकार सेयरमा विभाजन गरिएको छ ।

◎ प्रबन्धपत्रको दफा ५(३) लाई देहाय बमोजिम संशोधन गर्ने :
बैंकको चुक्ता पूँजी रु.३३,४०,९८,४६,५६५/७२ (अक्षरेपी तेत्तीस अर्ब चालीस करोड अठ्ठानब्बे लाख छयालीस हजार पाँच सय पैसट्ठी रुपैयाँ बहत्तर पैसा मात्र) हुनेछ, सो पूँजीलाई प्रति सेयर रु.१००/- दरका २८,४०,९८,४६५.६५ किसा साधारण सेयरमा र रु.१००/- दरका ५,००,००,०००(पाँच करोड) किसा अग्राधिकार सेयरमा विभाजन गरिएको छ ।

साथै, उपर्युक्त बमोजिम प्रबन्धपत्रको संशोधनमा नियमनकारी निकाय(हरु) बाट फेरबदलको सुझाव प्राप्त भएमा आवश्यक समायोजन गर्न सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अधिकार दिने समेत सभाले सर्वसम्मत निर्णय गऱ्यो ।

४. **आ.व. २०८२/८३ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने ।**
आ.व. २०८२/८३ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च रू.१३,२९,४५,२२९/- (अक्षरेपी तेह्र करोड उनन्तीस लाख पैतालीस हजार दुई सय उनन्तीस मात्र ।) कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्न सभा समक्ष विशेष प्रस्ताव पेश गर्नुभएकोमा सभाले सर्वसम्मतिबाट सो को स्वीकृती तथा अनुमोदन गऱ्यो ।

५. **नबिल बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्ने/गाभिन (मर्जर गर्ने वा प्राप्ति (एक्विजिसन) गर्ने तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्त गर्ने, गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्ने, वैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्ने तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**
यस बैंक र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्ने/गाभिन । मर्जर गर्ने वा प्राप्ति (एक्विजिसन) गर्ने तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कनका लागि मूल्याङ्कनकर्ता नियुक्त गर्ने, गाभ्ने/गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सम्झौता गर्ने, वैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्ने तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सभा समक्ष विशेष प्रस्ताव पेश गरिएकोमा सभाले उक्त विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गऱ्यो ।

(ग) विविध :
यस अन्तर्गत छलफलको कुनै विषय नभएको ।

१३. धन्यवाद ज्ञापन :

धन्यवाद ज्ञापन गर्ने क्रममा सभाध्यक्षको अनुमतिले सञ्चालक अनन्त पौड्यालज्यूले आफू सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने सञ्चालक भएको हुँदा शेयरधनी महानुभावहरुले बैंकको सम्बन्धमा कुनै जिज्ञासा, राय सुझाव भएमा आफूलाई समेत सम्पर्क गर्ने अनुरोध गर्नुभयो । नवनिर्वाचित सञ्चालकज्यूहरुलाई बधाई दिँदै उहाँहरुको उपस्थिती संस्थाको लागि अपरिहार्य रहेको जानकारी गराउँदै उहाँहरुलाई निर्वाचित गराउनुभएकोमा शेयरधनी महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो । बैंकका भूतपूर्व अध्यक्ष स्व. शम्भु प्रसाद पौड्यालले गरेको कार्यहरुको सम्बन्धमा सभामा स्मरण गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्दै बैंकका भूतपूर्व अध्यक्ष श्री उपेन्द्र प्रसाद पौडेलले बैंकमा दिनो बैंकिङ्गको सुरुवात गर्नुभएको सभासमक्ष स्मरण गराउनुभयो । अध्यक्ष श्री निर्वाण कुमार चौधरीले बैंकलाई Al ready बैंक बनाउने तर्फ अग्रसर रहनुभएको जानकारी गराउनुभयो । कर्मचारीहरुले अत्यन्तै मेहनत गर्नुभएको हुँदा उहाँहरु सम्मानको योग्य रहेको धारणा व्यक्त गर्नुभयो । शेयरधनीहरुको अपेक्षा अनुसार लाभांश वृद्धि गर्दै लैजान अथक प्रयास गरिरहेको जानकारी गराउँदै साधारणसभामा उपस्थित भई आफ्ना भनाई जिज्ञासा तथा सुझाव राखिदिनुभएको तथा साधारणसभाको सफलतापूर्वक सम्पन्न हुन लागेकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

सभामा छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरु सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनु भई बैंकको प्रगतिका लागि आवश्यक मार्गदर्शन समेत प्रदान गरीदिनु भएकोमा तथा आजको ४२औं वार्षिक साधारणसभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनुभएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, लेखापरीक्षक, निर्वाचन अधिकृत, पर्यवेक्षक, आमन्त्रित व्यक्तित्वहरु, नियमनकारी निकायहरु लगायत यस सभाको सफलतापूर्वक सञ्चालनका लागि योगदान गर्नु हुने सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

१४. सभा विसर्जन

तत्पश्चात् अध्यक्षले सभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई बधाई ज्ञापन गर्दै दिउँसो १:३० बजे ४२औं वार्षिक साधारणसभा विसर्जन गर्नुभयो ।

भिष्म नेउपाने
(कम्पनी सचिव)

निर्वाण कुमार चौधरी
(अध्यक्ष)